# अधिकार र कर्तव्यको कसीमा बौद्ध शिक्षा

**कैलाशकुमार सिवाकोटी** [१]

**इमेल** : kailash.siwakoti@gmail.com

Siwakoti, K. K. (2026). अधिकार र कर्तव्यको कसीमा बौद्ध शिक्षा. *Sambahak: Human Rights Journal*, *26*(1), 131–154. https://doi.org/10.3126/sambahak.v26i1.96287

***सार-सङ्क्षेप***

*अधिकार व्यक्तिविशेष वा पदीय हैसियतमा प्रयोग गर्ने अख्तियार र कर्तव्य अधिकार प्राप्तिको आधार वा माध्यम हो। अधिकार र कर्तव्यलाई जेजसरी हेरिए पनि यी आपसमा अन्तर्सम्बन्धित मानिन्छन्। अधिकारलाई केवल अधिकारमा आधारित पश्चिमी र कर्तव्यलाई निर्वाह गर्नुपर्ने दायित्वको रूपमा पौरस्त्य अवधारणाको रूपमा लिने गरिन्छ। पछिल्लो समयमा अधिकार अधिक र कर्तव्य गौणजस्तो देखिए पनि कर्तव्यविना अधिकारको उपभोग सम्भव छैन र भए पनि स्थायी हुँदैन भन्ने मान्यता क्रमशः विकसित हुँदै जान थालेको छ। विशेषतः कर्तव्य र दायित्वका विषयलाई संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, महासन्धि, क्षेत्रीय महासन्धिहरू, बडापत्र एवम् राष्ट्रिय तहमा संविधान र कानुनले सम्बोधन गरेको छ। बौद्ध वाङ्मयमा पनि आधुनिक मानव अधिकारभित्र निहित अधिकार र कर्तव्यजस्ता शब्दावली प्रयोग नभए पनि बौद्ध शिक्षामा पनि यी सवाललाई कुनै न कुनै रूपमा उल्लेख गरिएको छ। मानव अधिकारका दस्तावेज, वेबसाइट, संविधान, ऐन एवम् बौद्ध साहित्यसम्बन्धी प्राथमिक र द्वितीय स्रोतमा आधारित यस आलेखमा अधिकार र कर्तव्यबीचको अवधारणा, सैद्धान्तिक पक्ष, दुवै दस्तावेजमा निहित कर्तव्यहरू र आपसमा कसरी मेल खान्छन् भनी केलाउन खोजिएको मानव अधिकार र कर्तव्यका सवाल बौद्ध साहित्यमा तात्कालीन अवस्थामा नै समावेश थिए, जसलाई थप गहन अध्ययन र अनुसन्धान गरी आधुनिक मानव अधिकारसँग जोडी राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा प्रवर्धन गर्न राज्य र सम्बद्ध सरोकारवालाहरू क्रियाशील हुन आवश्यक छ।*

**प्रमुख शब्दकुञ्जीहरू :** अधिकार, कर्तव्य, मानव अधिकार, बौद्ध शिक्षा

[१] राष्ट्रिय मानव अधकार आयोग, सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा।

## पृष्ठभूमि

सैद्धान्तिक र बढी अभ्यासमा रहेको अधिकार र ओझेलमा परेको/पारिएको कर्तव्य पछिल्लो समयमा आपसमा अन्तर्सम्बन्धित हुन् भनी हेर्ने दृष्टिकोण केही हदसम्म फराकिलो बन्दै गएको छ। अधिकार व्यक्तिविशेष वा पदीय हैसियतमा प्रयोग गर्ने अख्तियार र कर्तव्य अधिकार प्राप्तिको आधार वा माध्यम हो। दुवैको आआफ्नो अर्थ, अस्तित्व, महत्त्व साथै आपसी सम्बन्ध पनि छ। अधिकारलाई आधुनिक र कर्तव्यलाई प्राचीन अवधारणाको रूपमा लिइन्छ। बौद्ध शिक्षामा आधुनिक मानव अधिकारभित्र समावेश कर्तव्यसम्बन्धी प्रावधानलाई प्रत्यक्ष/अप्रत्यक्षतः उल्लेख गरिएको पाइन्छ। विशेषतः व्यक्तिको आचरण, नैतिक मूल्यमान्यता, सामाजिक उत्तरदायित्व र राज्यले नागरिकप्रति निर्वाह गर्नुपर्ने कर्तव्यमा जोड दिइएको छ। यस अध्ययनले अधिकार र कर्तव्यमा केन्द्रित दृष्टिकोणलाई केलाउने प्रयत्न गरेको छ।

## विषयको महत्त्व

सामान्यत अधिकार केन्द्रित मानव अधिकार विमर्शमा कर्तव्यको भूमिका गौण बन्ने गरेको छ। त्यसमा पनि यस विषयमा पौरस्त्य दार्शनिकहरूबाट व्यक्त विचारहरूमाथि खासै चर्चापरिचर्चा भएको पाइँदैन। बौद्ध शिक्षाले आत्मसात गरेका अहिंसा, शान्ति, करुणा, नैतिक मूल्य, व्यक्ति र राज्यको कर्तव्य  आदि पक्षमा विशेष वकालत गर्दछ। बुद्धले दिएका शिक्षालाई मानव अधिकारभित्र निहित कर्तव्य र  अभ्याससँग जोडेर सापेक्षतः गहिराइमा पुगी अध्ययन अनुसन्धान गर्न आवश्यक छ।

## ज्ञातपक्ष

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा अधिकारलाई प्राथमिक र कर्तव्यलाई गौण रूपमा उल्लेख गरिएको छ। यसरी सीमित रूपमा उल्लेख गरिएका कर्तव्यहरू व्यक्ति, समाज र सरकारसँग सम्बन्धित छन्। बौद्ध साहित्यमा सिधै कर्तव्य नभनिए पनि धम्म (धर्म/कर्तव्य), किच्च (गर्नुपर्ने कार्य) कत्तब्ब (गर्न लायक), शील (नैतिक आचरण), पाटिपद (आचरण), मेत्ता, करुणा, दान (परोपकार) आदि शब्दावली प्रयोग गरिएको पाइन्छ। यसभित्र नैतिकता, आचरण, कर्तव्य र सामाजिक उत्तरदायित्व लगायतका सवालहरूमा विशेष जोड दिइएको छ।

## अनुसन्धान रिक्तता

मानव अधिकारसँग सम्बन्धित घोषणापत्र, महासन्धि, इच्छाधीन आलेख, सङ्कल्प प्रस्ताव आदिमा सीमित कर्तव्यहरूबारेमा उल्लेख छ। यी विषयलाई केही हदसम्म क्षेत्रीय (युरोप, अमेरिका, अफ्रिका) बडापत्र/महासन्धिहरूले पनि सम्बोधन गरेका छन्। बौद्ध शिक्षामा कर्तव्यको चर्चा गरिएको छ। यति हुँदाहुँदै पनि बौद्ध शिक्षामा समावेश कर्तव्य र मानव अधिकारका दस्तावेजहरूमा उल्लेख गरिएका

कर्तव्यलाई एकसाथ जोडेर व्यवस्थित र विस्तृत रूपमा अध्ययन, अनुसन्धान र विश्लेषण हुन नसकेको अवस्था छ। यसको साथै कर्तव्यसम्बन्धी सवाल नवीन नभई प्राचीन अवधारणा हो, जसलाई बौद्ध शिक्षामा पनि व्यवस्थित तवरले समावेश गरिएको छ। यहाँ यस रिक्ततालाई सम्बोधन गर्ने प्रयत्न गरिएको छ।

**अनुसन्धानका मूल प्रश्नहरू**

- अधिकार र कर्तव्यबीच के—कस्तो सम्बन्ध छ ?
- मानव अधिकारसम्बन्धी उल्लिखित दस्तावेजहरू र बौद्ध शिक्षामा कर्तव्यलाई के—कसरी चित्रण गरिएको छ ?
- बौद्ध शिक्षाले औंल्याएका कर्तव्यहरू मानव अधिकारको कर्तव्यमा आधारित दृष्टिकोणसँग किन मेल खान्छन् ?

**अनुसन्धानका उद्देश्यहरू**

- अधिकार र कर्तव्यबीचको अवधारणा साथै सैद्धान्तिक पक्षबारेमा विश्लेषण गर्नु,
- आधुनिक मानव अधिकारका दस्तावेजहरू र बौद्ध शिक्षामा निहित कर्तव्यहरूको बारेमा व्याख्या गर्नु र
- बौद्ध शिक्षा मानव अधिकारको कर्तव्यमा आधारित दृष्टिकोणसँग किन मेल खान्छन् भनी केलाउनु ।

**अनुसन्धान विधि र स्रोतहरू**

प्रस्तुत आलेख गुणात्मक अनुसन्धान विधि र सैद्धान्तिक विश्लेषणमा आधारित छ। प्रयोग गरिएका मानव अधिकारमा आधारित कर्तव्यसम्बन्धी प्रावधानहरू प्राथमिक स्रोत र बौद्ध शिक्षामा निहित कर्तव्यसम्बन्धी साभार सामग्रीहरू द्वितीयक स्रोत (लेखकका कृतिहरू) मा आधारित छन्। यिनै सामग्रीहरूलाई आधार मानी अध्ययन र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

**विषय प्रवेश**

***अधिकार***

संस्कृत मूलको अधिकार शब्दको अर्थ हुन्छः योग्यता, काम गर्न पाउने वैध अवस्था वा क्षमता, हक, दाबी, स्वामित्व आदि। यो शब्द संस्कृतको अधि (माथि, नियन्त्रण, प्रभुत्व, श्रेष्ठ आदि) +कार (कृ धातु : कार्य, प्राप्त गर्न सक्ने क्षमता वा अवस्था) अर्थात कसैलाई कुनै कुरा प्राप्त गर्ने क्षमता, शक्ति वा आधिकारिकता भन्ने हुन्छ। पछिल्लो समयमा अधिकार न्याय एवम् हकाधिकारको रूपमा पनि

विकसित हुँदै आएको छ। फणीन्द्रप्रसाद पाण्डेयको शब्दकोशमा अधिकारलाई अख्तियार, शासन, योग्यता, सामर्थ्य, ज्ञान, हक र प्रभुत्व भनी उल्लेख गरिएको छ।

अधिकारलाई सङ्कुचित एवम् व्यापक अर्थमा प्रयोग गरिएको पाइन्छ। संग्रौलाको भनाइ छः सामान्य अर्थमा अधिकारलाई व्यक्तिले अवलम्बन गर्न सक्ने युक्तिसङ्गत (Reasonable) चाहना (Expectation) जनाउनका लागि पनि प्रयोग गरिन्छ अर्थात् व्यक्तिले आफ्ना युक्तिसङ्गत चाहना अवलम्बन गर्न पाउनु नै अधिकार हो। विशिष्ट अर्थमा अधिकार शब्दले कर्तव्यको परस्पर सम्बन्धित शब्द (Co-relative words) लाई जनाउदछ। यस अर्थमा अधिकार र कर्तव्य परस्पर सम्बन्धित शब्द हुन् (संग्रौला २०७७, पृ.१९४)। अधिकारलाई बृहत् दायराबाट अर्थ्याउनेहरूको मत छः अधिकारभित्र शक्ति, स्वतन्त्रता, उन्मुक्ति, सुविधा पनि समावेश हुन्छ।

अधिकार के हो भन्ने सम्बन्धमा विद्वानहरूबीच कुनै साझा परिभाषा पाइँदैन। केही परिभाषाहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

* निश्चित क्रियाकलापहरूको अभ्यास गर्ने स्वतन्त्रताको उचित मागदाबी नै अधिकार हो।—वाइल्ड
* एउटा व्यक्तिले समाजको जनमतको शक्तिद्वारा अर्को व्यक्तिको कर्तव्यलाई प्रभावित पार्न सक्ने क्षमता नै अधिकार हो।—जान. एल. हालण्ड
* अधिकार मानिसको जीवनका ती सर्तहरू हुन्, जसको अभावमा कुनै पनि मानिसले आफ्नो सर्वोत्तम विकास गर्न सक्दैन।— प्रो. हारोल्ड लास्की
* अधिकार भनेको सार्वजनिक हितमा योगदान गर्ने शक्ति हो, जसलाई दाबी गरी स्वीकार गरिन्छ। —थोमस हिल ग्रीन

अधिकारका सम्बन्धमा फरक-फरक परिभाषाहरू अस्तित्वमा रहे पनि अधिकारको लागि व्यक्ति वा समूहको दाबी, सो दाबीउपर समाजको स्वीकृति र राज्यद्वारा संरक्षित एवम् कार्यान्वियत हुनुपर्दछ।

***अतः अधिकार भन्नालेः***

(क) अधिकार व्यक्ति वा समूहको दाबी हो।

(ख) गरिएको दाबी समाजद्वारा स्वीकृत हुनुपर्दछ।

(ग) दाबी राज्यबाट लागु हुने हुनाले कानुनी मान्यता पाएको हुनुपर्दछ।

(घ) अधिकार व्यक्ति वा समूहको बृहत्तर विकास र हितका लागि हुनुपर्दछ।

(ङ) अधिकारको प्रयोग गर्दा व्यक्ति वा समूहका कर्तव्य पनि निश्चित गरिएका हुन्छन्।

### अधिकारको वर्गीकरण

अधिकारको वर्गीकरणको कुनै निश्चित मापन नभए पनि सहजताका लागि भने गरिएको पाइन्छ। कानुनी रूपमा अधिकारलाई पूर्ण तथा अपूर्ण, सकारात्मक तथा नकारात्मक, सर्वजन र एकल, साम्पत्तिक र वैयक्तिक, प्रदत र सर्तमूलक, कानुनी र मौलिक, कानुन र समन्यायिक, संवैधानिक र कानुनी आदि भनी वर्गीकरण गरिएको छ। मानव अधिकारको दृष्टिकोणबाट संवैधानिक अधिकार, मौलिक अधिकार, कानुनी अधिकार, धार्मिक अधिकार, सांस्कृतिक अधिकार, राजनीतिक अधिकार, आर्थिक अधिकार, विकासको अधिकार आदि पर्दछन्। त्यसै गरी नागरिक तथा राजनीतिक अधिकार पहिलो, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार दोस्रो, शान्ति, विकास, वातावरणको अधिकार तेस्रो र प्रजननसम्बन्धी अधिकारलाई चौथो पुस्ता भनी विभाजन गरिएको पाइन्छ। अधिकारको विकासक्रम, आपसी अन्तर्सम्बन्ध र अन्तर्निर्भरताजस्ता पक्षलाई हेर्दा वर्गीकरणको सवाल बौद्धिक बहसको विषय त बन्ला तर व्यावहारिक रूपमा भने यसको कुनै अर्थ छैन अधिकारको सम्बन्धमा के गर्न पाउने अधिकार, कसको अधिकार र कसको कर्तव्य हो भन्ने स्पष्ट हुन जरुरी हुन्छ।

### *कर्तव्य*

कर्तव्य संस्कृत कृ धातुमा तव्यत् प्रत्यय लागेर बनेको कृदन्त (नाम) शब्द हो। आफ्ना लागि गर्नुपर्नेलाई कर्म र अरूप्रति गर्नुपर्ने अभिभारालाई कर्तव्य भनिन्छ। गर्न योग्य र गर्नै पर्ने कार्य नै कर्तव्य हो (सिवाकोटी, २०८१, पृ.४)। कर्म र कर्तव्य तत्कालै सम्पादन गर्नुपर्दछ, विलम्ब गरियो भने कालले तिनको रस चुस्दछ भन्ने मान्यता छ। पौरस्त्य दर्शनलाई कर्म गर्ने दर्शनका रूपमा लिइन्छ, यसमा दुईओटा पाटा हुन्छन्—आफ्ना लागि र अरूका लागि। आफ्नो गरिनेलाई कर्म र अरूका लागि गरिनेलाई कर्तव्य भनिन्छ। पौरस्त्य मान्यताले कर्तव्यलाई धर्मसँग जोडेको छ, कानुनको आधार कुनै न कुनै रूपमा धर्म नै हो।

> यस सम्बन्धमा फ्रेन्च कानुनविद् भन्दछन्ः समाजमा मानिसहरूका बीचमा विभिन्न किसिमका सम्बन्धहरू हुन्छन् तर त्यस्ता सम्बन्ध मानिसका अधिकारद्वारा नभएर मानिसका कर्तव्यद्वारा निर्माण भएका हुन्छन्। समाजको एकता तथा अस्तित्वका लागि मानिसले एकअर्कामाथि निर्भर रहनुपर्दछ, जुन कुरा सामाजिक कानुन हो। त्यसैले व्यक्तिगत अधिकारको धारणाले सामाजिक कानुनको पुष्टि गर्दैन र संरक्षण पनि गर्दैन। सामाजिक कानुनको पुष्टि कर्तव्यले मात्र गर्दछ (संग्रौला २०७७, पृ.२१४)।

कर्तव्यको अङ्ग्रेजी समकक्ष शब्द हो—ड्यूटी (Duty) जुन अङ्ग्रेजीको ड्यू (Due) बाट उत्पत्ति भएको हो। यसको अर्थ —उचित अर्थात् जुन कुरा गर्न हुन्छ (पोखरेल २०६३, पृ.६३)। कर्तव्यलाई

कानुनी र नैतिक जिम्मेवारी वा दायित्व भनी अर्थ्याउन सकिन्छ। शब्दार्थमा कर्तव्यलाई व्यक्ति एवम् राज्यले निर्वाह गर्नुपर्ने कानुनी एवम् नैतिक दायित्वको रूपमा उल्लेख गर्न सकिन्छ। कानुनी अवधारणाले कर्तव्यलाई कानुनी दायित्व र नैतिकताले नैतिक दायित्वका रूपमा लिएको पाइन्छ। कर्तव्यसम्बन्धी केही परिभाषाहरू निम्नानुसार छन्ः

* कर्तव्य दाबीको रूपमा हामीसमक्ष उपस्थित हुन्छ। यो त्यस्तो कुरा हो, जुन पूरा गर्न हामीलाई सुम्पिएको हुन्छ, चाहे हामी यसलाई मन पराऊँ वा मन नपराऊँ। इन्साइक्लोपेडिया अफ रिलिजन एण्ड इथिक्स (पोखरेल २०६३, पृ.६३)।

सालमण्ड, किटन र डायसीले क्रमशः निम्न मत प्रकट गरेका छन्ः

* कर्तव्य भन्नाले त्यस्तो कार्यलाई जनाउदछ, जुन नगरिएमा गल्ती गरिएको ठहर्छ।—विधिशास्त्री सर जोन सालमण्ड
* कर्तव्य भन्नाले राज्यले अर्को व्यक्तिलाई प्रदान गरेको अधिकारको सम्मान गर्नका लागि बाध्यात्मक रूपले गर्नुपर्ने त्यस्तो कार्य हो, जसको उल्लङ्घन गल्ती ठहर्छ।—विधिशास्त्री किटन
* कर्तव्य दायित्वको एक रूप हो। मानिसहरू अकर्मण्यता, आदर, सहानुभूति, भय, मनोवैज्ञानिक, सामाजिक र नैतिक दबाबको कारण यसको पालना गर्दछन्। प्रायः कर्तव्य राज्यद्वारा समर्थित हुन्छन्। यसको उल्लङ्घनको परिणाम कैद र जरिवाना हुन्छ।—प्रो. डायसी

माथि समाविष्ट परिभाषाहरूलाई हेर्दा कर्तव्य भन्नाले निश्चित एवम् र बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कार्यलाई जनाउदछ।

(क) प्राचीन अवधारणाबाट विकसित कर्तव्य कानुन र नैतिक मूल्य—मान्यताद्वारा निर्दिष्ट गरिएको हुन्छ।

(ख) कानुनद्वारा गर्नु भनिएका कार्य गर्नु र नगर्नु भनिएका कार्य नगर्नु नै कर्तव्य हो।

(ग) एक व्यक्तिको कर्तव्य अन्य व्यक्तिको अधिकार प्राप्ति वा पूर्तिको माध्यमका रूपमा रहेको हुन्छ।

(घ) कर्तव्य अधिकारको कार्यान्वयनको एक महत्त्वपूर्ण पक्षको रूपमा रहेको हुन्छ।

(ङ) कर्तव्यको निर्धारण कानुन र नैतिक मूल्यमान्यताद्वारा स्थापित गरिएको हुन्छ।

(च) कर्तव्य पूरा नगरिएको स्थितिका लागि राज्यनिर्मित कानुनद्वारा दण्डको व्यवस्था गरिएको हुन्छ तथा राज्यद्वारा कर्तव्य पालना गर्न बाध्य गराइन्छ।

(छ) कर्तव्य आफू, परिवार, समाज, समुदाय र राष्ट्रप्रति समर्पित हुन्छ।

## कर्तव्यसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रावधानहरू

अधिकार आधुनिक र कर्तव्य प्राचीन अवधारणा हो। त्यसमा पनि पौरस्त्य मान्यताले विशेषतः कर्तव्यलाई आत्मसात गरेको देखिन्छ। अधिकारको आधार कर्तव्य अर्थात् कर्तव्य पालनाविना अधिकारको प्राप्ति सम्भव हुँदैन भन्ने मान्यतालाई आत्मसात गरेको पाइन्छ। वेद, त्रिपिटक, मुन्धुम एवम् धार्मिक ग्रन्थहरूमा प्राथमिकताका साथ विविध कर्तव्यहरूको उल्लेख गरिएको छ। समयक्रममा विकसित मानव अधिकारसम्बन्धी विभिन्न घोषणापत्र, महासन्धि, कानुनजस्ता दस्तावेजहरूमार्फत यी विषयलाई वैधानिकता दिएको पाइन्छ।

*अन्तर्राष्ट्रिय प्रावधानहरू*

**घोषणापत्र र महासन्धिहरू**

***संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र***

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा अधिकार र कर्तव्यलाई आत्मसात् गरी भातृत्वको भावना लिएर आपसमा व्यवहार गर्नुपर्ने उल्लेख छ। घोषणापत्रको धारा २९ मा कर्तव्यका बारेमा उल्लेख गर्दै भनिएको छः

१. प्रत्येक व्यक्तिको समुदायप्रति कर्तव्य छ, जसमा मात्रै निजको व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास सम्भव छ, ।

२. आफ्ना अधिकार र स्वतन्त्रताहरूको उपयोग गर्दा प्रत्येक व्यक्ति अन्य व्यक्तिका अधिकार र स्वतन्त्रताहरूको उचित मान्यता र सम्मान हासिल गर्ने तथा प्रजातान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था र जनकल्याण हासिल गर्ने एकमात्र उद्देश्यका लागि कानुनले निर्धारण गरेका प्रतिबन्धहरूको मात्र अधीनमा रहने छ।

३. संयुक्त राष्ट्रसङ्घका उद्देश्य र सिद्धान्तहरूको प्रतिकूल हुने गरी कुनै पनि अवस्थामा यी अधिकार र स्वतन्त्रताहरूको उपभोग गर्न पाइने छैन।

अधिकार र कर्तव्यको सम्बन्धमा संयुक्त राष्ट्रसङ्घबाट विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको संवर्धन र संरक्षणमा व्यक्ति, समूह र समाजका अङ्गहरूको अधिकार र दायित्व विषयक घोषणापत्र (Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms, १९९८) १९९८ जारी भएको छ। घोषणापत्रको प्रस्तावनामा दायित्व र कर्तव्यको चर्चा छ, जसमा भनिएको छः

मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्धन र संरक्षण गर्ने आधारभूत दायित्व र कर्तव्य राज्यको हुने साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको सम्मानार्थ संवर्धन र ज्ञान आदानप्रदानको अभिवृद्धि गर्न व्यक्ति, समूह तथा सङ्घसंस्थाहरूको अधिकार र जिम्मेवारी रहेको उल्लेख छ।

घोषणापत्रको धारा २ (२) मा यस घोषणापत्र उल्लिखित मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षराष्ट्रहरूले व्यवस्थापकीय, प्रशासकीय र अन्य आवश्यक कदमहरू चाल्नुपर्ने प्रावधान छ।

माथिका प्रावधानहरूलाई केलाउदा व्यक्तिको समुदायप्रति कर्तव्य हुन्छन्, जसलाई पालना गरेको अवस्थामा मात्र उसको व्यक्तिको पूर्ण व्यक्तित्व विकास सम्भव हुन्छ। अधिकार र स्वतन्त्रताको उपभोगको आधार अरूको अधिकार र स्वतन्त्रताको सम्मानमा निर्भर हुन्छ। लोकतान्त्रिक समाजमा यस्ता कुरा नैतिकता, सार्वजनिक व्यवस्था एवम् जनताको हितसँग जोडिएका हुन्छन्। यी विषयलाई संयुक्त राष्ट्रसङ्घको उद्देश्य र सिद्धान्तहरूको मर्म वा भावनाभन्दा प्रतिकूल हुने गरी व्याख्या गर्न पाइँदैन। राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्धन र संरक्षण गर्ने आधारभूत दायित्व र कर्तव्य राज्य र सङ्घसंस्थाहरूमा रहन्छ।

***क्षेत्रीय घोषणापत्र, महासन्धि र बडापत्र***

कोलम्बियाको राजधानी बोगोटामा अमेरिकन राज्यहरूको सङ्गठनको नवौं सम्मेलनले मानिसको अधिकार र कर्तव्यको अमेरिकी घोषणापत्र, १९४८ (American Declaration of the Rights and Duties of Man, 1948) जारी गरेको थियो। घोषणापत्रको प्रस्तावनाले नै मानिसका प्रत्येक राजनीतिक र सामाजिक क्रियाकलापहरूमा अधिकार र कर्तव्यको अन्तर्सम्बन्धलाई जोड दिएको छ। घोषणापत्रमा कर्तव्यभित्र समाजप्रतिको उतरदायित्व निर्वाह, कानुन तथा अदालती आदेशको पालना, कर तिर्नुपर्नेजस्ता विषयलाई उल्लेख गरिएको छ।

मानव अधिकार विषयक अमेरिकी महासन्धि १९६९ को धारा ३२ मा व्यक्तिगत दायित्वअन्तर्गत कर्तव्य र अधिकारबीचको सम्बन्धबारे उल्लेख छः

(क) प्रत्येक व्यक्तिको आफ्नो परिवार, समाज र मानव समुदायप्रति कर्तव्यहरू हुन्छन्।

(ख) अन्य व्यक्तिका अधिकारहरूद्वारा, प्रजातान्त्रिक समाजमा सार्वजनिक कल्याणको न्यायोचित मागहरूद्वारा र सबैको सुरक्षाद्वारा प्रत्येक व्यक्तिको अधिकार सीमित भएको हुन्छ।

यस महासन्धिले व्यक्तिका परिवार, समाज र मानव समुदायप्रति कर्तव्य हुने उल्लेख गर्दै अधिकारको उपभोगको आधार सार्वजनिक कल्याण हुनुपर्नेमा जोड दिएको छ।

मानव तथा जनअधिकारसम्बन्धी अफ्रिकी बडापत्र १९८१ को धारा २७, २८ र २९ मा कर्तव्यको बारेमा चर्चा छ।

(१) प्रत्येक व्यक्तिको आफ्नो परिवार, समाज, राज्य तथा अन्य कानुनी रूपमा पहिचान पाएका समुदायहरू र अन्तर्राष्ट्रिय समुदायप्रति कर्तव्य हुनेछ।

(२) प्रत्येक व्यक्तिले अरूको अधिकारसँग सम्बन्धित रहेर, सामूहिक सुरक्षा र नैतिकताका लागि एवम् साझा चासोका विषयलाई ध्यानमा राखेर आफ्नो स्वतन्त्रता र अधिकारको अभ्यास गर्नेछन्। (धारा २७)

प्रत्येक व्यक्तिले कुनै पनि विनाभेदभाव परस्पर आदरभाव र सहिष्णुतालाई पुनर्जागरण गरी सुरक्षित एवम् प्रवर्धन गर्ने उद्देश्य राखी निज व्यक्तिको मार्गलाई पछ्याउनेलाई आदर गर्ने एवम् ध्यान दिनेछ भनी व्यवस्था गरेको छ। (धारा २८)

कुनै पनि व्यक्तिको देहायबमोजिमको कर्तव्य हुनेछः

(क) परिवारको समन्वयात्मक विकासलाई संरक्षण गर्ने र परिवारको एकता र सम्मानका लागि कार्य गर्ने, आवश्यकीय परिस्थितिमा पनि बुबाआमाको सेवासुश्रुषा गर्ने,

(ख) शारीरिक र बौद्धिक क्षमताको आधारमा आफ्नो राष्ट्रिय समुदाय (राष्ट्र) को सेवा गर्ने,

(ग) आफ्नो बसोबास वा राष्ट्रियताको राज्यसँग सुरक्षा सम्बन्धमा कुनै सम्झौता नगर्ने,

(घ) विशेषतः धम्कीको अवस्थामा सामाजिक तथा राष्ट्रिय एकतालाई संरक्षण तथा सुदृढ गर्ने,

(ङ) आफ्नो राष्ट्रको राष्ट्रिय स्वाधीनता तथा क्षेत्रीय अखण्डताको संरक्षण र सुदृढीकरण गर्ने र कानुनतः प्रतिरक्षाका लागि योगदान पुर्याउने,

(च) आफ्नो उच्चत्तम् योग्यता तथा क्षमताको अधिकत्तम सदुपयोग गरी कार्य गर्ने र समाजको हितका लागि कानुनबमोजिम कर तिर्ने,

(छ) व्यक्ति र समाजका सदस्यहरूसँग गाँसिएका असल अफ्रिकी सांस्कृतिक मूल्यहरूको संरक्षण र सुदृढीकरण गर्ने, सहनशीलता, बहस, सल्लाह र समाजको नैतिक समुन्नतिमा योगदान गर्ने र

(ज) सम्पूर्ण समय र सबै तहमा आफ्नो योग्यता वा क्षमताको अधिकत्तम सदुपयोग गरी अफ्रिकी एकताको सुदृढीकरण प्राप्तिमा योगदान गर्ने। (धारा २९)

यस बडापत्रले परिवार, समाज, राज्य एवम् अन्तर्राष्ट्रिय समुदायप्रति व्यक्तिको कर्तव्य हुनेमा जोड दिएको छ। अधिकार वा स्वतन्त्रताको उपभोग अरूको अधिकारको सम्मान, सामूहिक सुरक्षा, नैतिकताको पालना आदिबाट मात्र सम्भव छ। विनाभेदभाव परस्पर आदरभाव र सहिष्णुतालाई

केन्द्रविन्दुमा राख्नुपर्नेमा जोड दिएको पाइन्छ। महासन्धिका अनुसार व्यक्तिमा पारिवारिक दायित्व, जसमा विशेष अवस्थामा आमाबुबाप्रति सेवाभाव साथै योग्यता, क्षमताको आधारमा मुलुकप्रति सेवामा संलग्न हुनुपर्दछ। राष्ट्रिय सुरक्षा, एकता, स्वाधीनता तथा क्षेत्रीय अखण्डताको संरक्षण तथा सुदृढीकरणमा जोड दिनुपर्दछ। समाजको हितका लागि योग्यता, क्षमताको प्रयोग, कानुनको पालना, कर तिर्नु, सामाजिक मूल्य-मान्यताको जगेर्ना गर्नु आदि व्यक्तिका कर्तव्य मानिन्छन्।

*बाल अधिकारसम्बन्धी महासन्धि*

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३ (२), ५ र १८ मा भने बालबालिकाप्रति राज्य र आमाबाबु वा संरक्षकले निर्वाह गर्नुपर्ने कर्तव्यको सम्बन्धमा निम्नानुसार उल्लेख गरिएको छः

- पक्षराष्ट्रहरूले बालबालिकाका आमाबाबु, कानुनी संरक्षक वा कानुनी रूपमा तिनीहरूको जिम्मेवारी लिने अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यहरूलाई ध्यानमा राख्दै बालकको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्ने प्रतिज्ञा गर्दछन्। यस उद्देश्यका लागि सबै समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछन्। (धारा ३(२)
- पक्षराष्ट्रहरूले बालबालिकाले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको प्रयोग गर्दा तिनीहरू क्रमिक विकासशील क्षमतासँग मेल खाने किसिमले समुचित निर्देशन र मार्गदर्शन दिनका लागि बालबालिकाका बाबुआमा वा लागु हुने अवस्थामा, विस्तारित परिवारका वा स्थानीय प्रथाबाट व्यवस्था भएअनुसार समुदायका सदस्यहरू, कानुनी संरक्षक वा बालबालिकाका लागि कानुनी रूपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नेछन्। (धारा ५)

(१) बालबालिकाको पालनपोषण र विकासका लागि बाबुआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तको मान्यता सुनिश्चित गर्न पक्षराष्ट्रहरूले सर्वोत्तम प्रयत्न गर्नेछन्। बालबालिकाको पालनपोषण र विकासका लागि बाबुआमा वा अवस्थाअनुसार कानुनी संरक्षकको प्राथमिक उत्तरादायित्व हुन्छ। बालबालिकाको सर्वोपरि हित नै उनीहरूको आधारभूत चासोको विषय हुनेछ।

(२) यस महासन्धिमा व्यवस्था भएका अधिकारहरूको प्रत्याभूति तथा प्रवर्धन गर्ने प्रयोजनका लागि पक्षराष्ट्रहरूले बालबालिकाको पालनपोषणको उत्तरदायित्व पूरा गर्ने कार्यमा बाबुआमा वा कानुनी संरक्षकहरूलाई समूचित सहयोग पुर्याउने छन्। बालबालिकाको हेरचाहका लागि संस्था, सुविधा र सेवाको विकास सुनिश्चित गर्नेछन्। (धारा १८ (२) )

(३) पक्षराष्ट्रहरूले काममा लागेका बाबुआमाका बालबालिकाले पाउने बाल स्याहार सेवा र सुविधाहरूबाट फाइदा दिन पाउने निजहरूको अधिकार सुनिश्चित गर्न आवश्यक सबै समुचित उपायहरू अपनाउनेछन्। (धारा १८ (३)

महासन्धिअनुसार बालबालिकाका अविभावक वा कानुनी संरक्षकहरूले सन्तानहरूको संरक्षण र स्याहार गर्नुपर्ने, त्यसका लागि राज्यले समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नुपर्दछ। बालाबालिकाहरूको समायानुकूल विकास वा क्षमतालाई ध्यानमा राखी उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नुपर्दछ। बालबालिकाको पालनपोषण र विकासका लागि जिम्मेवारी क्रमशः बाबुआमामा, कानुनी संरक्षक वा राज्यमा निहित रहन्छ। बालबालिकाको सर्वोपरि हित र विकासमा केन्द्रित रहनु उनीहरूको आधारभूत कर्तव्य मानिन्छ।

### *राष्ट्रिय प्रावधानहरू*

नेपालको संविधानमा कर्तव्यको बारेमा निम्नानुसार उल्लेख गरिएको छः

(१) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(२) संविधान र कानुनको पालना गर्नु,

(३) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र

(४) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु (नेपालको संविधान, २०७२) ।

"मुद्दामामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्नेछ" भनी उल्लेख छ (नेपालको संविधान, २०७२)। यसबाट अदालतका निर्णय, आदेश, फैसलालाई सम्मान गर्नु सबैको दायित्व हो भन्ने प्रष्ट हुन्छ। विभिन्न ऐनहरूमा पनि अधिकारको साथमा कर्तव्यसम्बन्धी प्रावधान राखिएको छ। ज्येष्ठ नागरिकहरूको सम्मान गर्नु सबैको कर्तव्य हुनेछ (ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, दफा ३ र ४ पहिलो संशोधन, २०७९)। त्यसैगरी ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमदअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने व्यवस्था छ।

माथि समावेश गरिएका प्रावधानहरू हेर्दा व्यक्ति, समूह वा समुदायको विकासका आधार कर्तव्य हो भन्न सकिन्छ। अधिकार उपभोगका आधार मानिएको कर्तव्यलाई नैतिक र कानुनी रूपमा हेरिएको पाइन्छ। नैतिक कर्तव्यमा आफू, परिवार, समाज र मुलुकप्रति निर्वाह गर्नुपर्ने भूमिका पर्दछ। त्यसैगरी कानुनद्वारा नै निर्दिष्ट कर्तव्य राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा, कानुनको पालना, कर तिर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा आदि कानुनी कर्तव्य हुन्। व्यक्तिले निर्वाह गर्नुपर्ने कर्तव्य र

राज्यको दायित्वलाई मानव अधिकारसम्बन्धी क्षेत्रीय तहमा, संयुक्त राष्ट्रसङ्घद्वारा पारित विभिन्न दस्तावेजहरू र राष्ट्रिय कानुनहरूमा उल्लेख गरिएको छ। यसको पालना गर्नुपर्ने जिम्मेवारी सम्बद्ध पक्षमा निहित रहन्छ।

## बौद्ध शिक्षाभित्र अन्तर्निहित कर्तव्य

### *अष्टाङ्ग मार्गमा निहित कर्तव्य*

बुद्धका अष्टाङ्ग मार्ग, जसलाई प्रज्ञा (ज्ञान), शील (नैतिक आचरण) र समाधि (मानसिक अनुशासन) भित्र राखिएको छ। प्रज्ञाअन्तर्गत सम्यक (ठिक/सही) सङ्कल्पअन्तर्गत लोभ, द्वेष र हिंसाबाट मुक्त हुनुपर्ने भनिएको छ। शीलमा सम्यक वाणीमा सत्य, शान्त र हितकर वचन गर्नुपर्ने उल्लेख छ। सम्यक कर्ममा अहिंसा, चोरी र व्यभिचारबाट टाढा बस भन्ने सन्देश छ। सम्यक आजीविकामा पेसागत मर्यादाभन्दा दायाँबायाँ  नगर भनी शिक्षा दिइएको छ। समाधिभित्र सम्यक प्रयासमा खराब मानसिक प्रवृत्ति त्यागी असल संस्कारको विकास र सम्यक समाधिमा ध्यानविधिमार्फत चित्तमा एकाग्रता र मानसिक शुद्धि हुनुपर्नेमा विशेष जोड छ।

कर्तव्यको कसीबाट हेर्दा व्यक्ति, समाज र राज्यले नैतिक आचरणभित्र रहनुपर्नेमा विशेष जोड दिइएको छ। मानव अधिकारमा निहित कर्तव्यको कसीबाट हेर्दा लोभ, द्वेष र हिंसाबाट टाढा रहनु सुशासनको जग र भष्ट्राचारको निर्मूल गर्ने हतियार हो। सबै प्राणीमाथि दयाभाव हो। जथाभावी नबोल्नु अभिव्यक्ति स्वतन्त्रताको सम्मान हो। अहिंसाः शान्तिको आधार र सुसंस्कृत समाज निर्माणतर्फको पाइला हो। सम्यक जिविका पेसागत धर्मको माध्यम हो। चित्तमा समाधि मानसिक रूपमा स्वस्थतातर्फको यात्रा हो।

### *धम्मपदभित्र कर्तव्य*

धम्मपदको गाथा १६१ मा आफूले गरेको पापले पोल्ने हुनाले असल कर्म गर्नुपर्नेमा जोड छ। यस सम्बन्धमा ज्ञवाली (२०७५, पृ.२३८) भन्नुहुन्छ : आफैंमा उत्पन्न, आफैंबाट निर्मित र आफैंबाट परिपोषित पापले दुर्बुद्धिका मानिसलाई यसरी हुँडल्छ, पिरोल्छ, जसरी ढुङ्गाबाट बनेको बज्रले ढुङ्गाको मणिलाई रगेट्छ, टुक्रा पार्दछ।[2] यसै गरी गाथा १६५ मा कर्तव्यको बहन व्यक्ति आफैंमा निहित हुन्छ र पाप व्यक्ति आफैंले गर्ने हुँदा यसको भागीदार आफैं हुने उल्लेख छ। पाप केवल आफैंले गरिन्छ, व्यक्ति स्वयंबाट खराब बन्दछ। आफूले गरेको पाप आफू स्वयंबाट मात्र शुद्ध हुन्छ। शुद्धि र

---

[2]. अत्तना व कतं पापं, अत्तजं अत्तसम्भवं ।
अभिमत्थति दुम्मेधं, वजिर व्'स्ममयं मणिं ।।१६१।।

अशुद्धि भन्ने कुरा व्यक्तिगत रूपमा हुने गर्छन् र कसैले कसैलाई शुद्ध गर्न सक्दैन (ज्ञवाली, २०७५, पृ.२४२—२४३)[3]। यसैगरी धम्मपद १२९ र १३० गाथाले सबै प्राणी दण्डबाट डराउने र मृत्युदेखि भाग्ने हुँदा त्यस स्थानमा आफूलाई राखेर हेर्नुपर्दछ अर्थात् हिंसा गर्नु र गराउनु हुँदैन भनी अहिंसा र करुणालाई सामाजिक कर्तव्यको रूपमा अर्थ्याएको छ।[4] गाथा १८३ मा खराब कर्म नर्गन, असल कर्म गर्न र मनलाई शुद्ध राख्नुपर्नेमा जोड छ। नारदा थेराले यसलाई सम्पूर्ण खराब कार्यहरूको परित्याग, असल कार्यहरूको आत्मसात र मनको शुद्धि बुद्धशासन, शिक्षा वा अनुशासन हो भनी उल्लेख गर्नुभएको छ। धम्मपद २७६ मा तपस्या वा साधनाको उद्योग तिमी आफैंले गर्नुपर्दछ र तथागतहरू त केवल उद्घोषक वा मार्गदर्शकमात्र हुन्छन् साथै यस्तो बाटोमा अगाडि बढेर ध्यानीहरू मारको बन्धनबाट मुक्त हुनेछन् भनिएको छ।[5]

बुद्धका तीन रत्नमध्ये दोस्रो भनिएको छ—"धम्मं शरणम् गच्छामि" अर्थात् धारणयोग्य मार्ग अवलम्बन गर। बौद्ध शिक्षामा आमाबाबुप्रति छोराछोरीको, छोराछोरीप्रति आमाबाबुको, गुरुप्रति शिष्यको, शिष्यप्रति गुरुको कर्तव्य के हुने भन्ने सम्बन्धमा उल्लेख छ। त्यसैगरी स्वास्नीप्रति लोग्नेको, लोग्नेप्रति स्वास्नीको, मित्र अमात्यप्रति, मित्र अमात्यको, नोकर र सहयोगीप्रति मालिकको, मालिकप्रति नोकर सहयोगीको कर्तव्य सम्बन्धमा चर्चा गरिएको छ। यसका साथै राजा वा राज्यका कर्तव्यहरूका बारेमा पनि यस दर्शनमा विशेष स्थान दिएको पाइन्छ। बौद्ध शिक्षामा आधारित सिगोलावाद सूत्रमा निहित नैतिक कर्तव्यहरूलाई भदन्तले निम्नानुसार उल्लेख गर्नुभएको छः

---

3. अत्तना व कतं पापं, अत्तना संकिलिस्सति ।
अत्तना अकतं पापं, अत्तना वा विसुज्झति ।
सुद्धि असुद्धि पच्चत्तं, नाञ्ञो अञ्ञं विसोधये ।।१६५।। ऐ.ऐ.

4. सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो ।
अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ।।१२९।।
सब्बे तसन्ति दण्डस्स, सब्बेसं जीवितं प्रियं ।
अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ।।१३०।।

5. तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति, झायिनो मारबन्धना ।।२७६।।

**आमाबाबुप्रति छोराछोरीको कर्तव्य**

(१) भरणपोषण गर्नु, (२) कृतज्ञ भएर काम गरिदिनु, (३) कुलवंश रक्षा गर्नु, (४) अंशभाग रक्षा गर्नु, (५) पुण्यानुमोदन गर्नु।

**छोराछोरीप्रति आमाबाबुको कर्तव्य**

(१) पापबाट बचाउनु, (२) पुण्य कार्यमा लगाउनु, (३) शिल्प विद्या सिकाउनु, (४) समयमा विवाह गराइदिनु, (५) अंशभाग दिनु।

**स्वास्नीप्रति लोग्नेको कर्तव्य**

(१) सम्मान गर्नु, (२) अपमान नगर्नु, (३) अतिचार नगर्नु, (४) ऐश्वर्य प्रदान गर्नु, (५) अलङ्कार प्रदान गर्नु।

**लोग्नेप्रति स्वास्नीको कर्तव्य**(१) कामकाज राम्ररी गर्नु, (२) परिजन (सहयोगी) वशमा राख्नु, (३) अतिचारिणी नहुनु, (४) सम्पत्तिको रक्षा गर्नु, (५) निलालसी (विनालोभलालच) भई काम गर्नु।

**नोकर र सहयोगीप्रति मालिकको कर्तव्य**

(१) शक्तिअनुसार काम दिनु, (२) भोजन ज्याला दिनु, (३) रोगी हुँदा सेवा गर्नु, (४) उत्तम खाद्यवस्तु दिनु, (५) समय-समयमा छुट्टी दिनु।

**मालिकप्रति नोकर र सहयोगीको कर्तव्य**

(१) मालिकभन्दा अगाडि उठ्नु, (२) मालिकभन्दा पछाडि सुत्नु, (३) दिएको मात्र लिनु, (४) राम्ररी काम गर्नु, (५) मालिकको कीर्ति प्रशंसा गर्ने हुनु।

**गुरुप्रति शिष्यको कर्तव्य**

(१) उथ्थान (तत्परता) गर्नु, (२) उपस्थान (सेवा) गर्नु, (३) सुश्रुषा गर्नु, (४) परिचय गर्नु (सत्कारपूर्वक शिल्प गर्नु) ।

**शिष्यप्रति आचार्यको कर्तव्य**

(१) सुविनय बनाउनु, (२) राम्ररी शिल्प विद्या सिकाउनु, (३) आफ्नो विद्यालाई स्थायित्व गराउन शिल्प श्रृतविद्या सिकाउनु, (४) मित्र अमात्यको सुप्रतिपादन गर्नु, (५) दिशाको सुरक्षा गर्नु।

**मित्र अमात्यप्रतिको कर्तव्य**

(१) दान दिनु, (२) प्रिय वचन बोल्नु, (३) अर्थचर्या गर्नु, (४) समान व्यवहार गर्नु र (५) विश्वासपात्र हुनु।

**मित्र अमात्यको कर्तव्य**

(१) प्रमादमा रक्षा गर्नु, (२) सम्पत्तिको रक्षा गर्नु, (३) भयभीत हुँदा रक्षक बन्नु, (४) आपतकालमा नछाड्नु, (५) अन्यले पनि सत्कार गराउनु।

**श्रमण बाह्मणप्रति गृहस्थको कर्तव्य**

(१) मैत्रीयुक्त चित्तले सेवा गर्नु, (२) मैत्रीयुक्त वचन बोल्नु, (३) मैत्रीयुक्त कायिक कर्म गर्नु, (४) दान गर्नु, (५) श्रद्धाले स्वागत गर्नु।

**श्रमण बाह्मणको गृहस्थप्रति कर्तव्य**

(१) पापबाट बचाउनु, (२) धर्ममा लगाउनु, (३) अनुकम्पा गर्नु, (४) अश्रृत विद्या सुनाउनु, (५) श्रुत विधामा दृढता जगाउनु र (६) सुगति मार्ग बनाउनु (भदन्त, २०६०, पृ. १२८—१३०)।

माथि उल्लिखित बाबुआमाप्रति छोराछोरीको कर्तव्यमा ज्येष्ठ नागरिकप्रतिको भरणपोषण, सामाजिक सुरक्षा, सेवा, पारिवारिक सम्मान र मानवीय मर्यादामा जोड दिएको छ । कुलवंश रक्षालाई सांस्कृतिक, अंशभागलाई सम्पत्ति र पुण्यानुमोदनलाई धार्मिक स्वतन्त्रताका रूपमा चित्रण गर्न सकिन्छ। छोराछोरीप्रति आमाबाबुको कर्तव्यमा पापबाट बचाउनु बाल संरक्षण, पुण्य कार्यमा लगाउनु, शिल्प विद्या सिकाउनुलाई शिक्षाको अधिकार, विवाह गराइदिनु र अंशभाग दिलाउनुलाई पारिवार बसाउने र उत्तराधिकारी तय गर्ने अधिकार मान्न सकिन्छ। यी कर्तव्यलाई बालबालिकाको अधिकारसम्बन्धी महासन्धि १९८९ मा पनि समावेश गरिएको छ। भनिन्छ : श्रीमान् र श्रीमती एक सिक्काका दुई पाटा हुन्। स्वास्नीप्रति लोग्नेको कर्तव्यमा सम्मान गर्नुलाई लैङ्गिक समानता, अपमान र अतिचार नगर्नुलाई हिंसामुक्त र सुसम्बन्धमा आधारित सहयात्रा एवम् ऐश्वर्य र अलङ्कार प्रदानलाई आर्थिक जीवनस्तरको अधिकारसँग तुलना गर्न सकिन्छ। लोग्नेप्रति स्वास्नीको कर्तव्यभित्र घरव्यवहार कुशलताले पारिवारिक जिम्मेवारी, परिजन व्यवस्थापनले परिवारमा सहयोगी, अतिचार नगर्नुले हिंसाबाट मुक्त, सम्पत्ति रक्षाले सम्पत्ति अधिकार र निलालसी श्रमले श्रमको मूल्यलाई सङ्केत गर्दछ।

नोकरप्रति मालिक र मालिकप्रति नोकरको कर्तव्यलाई श्रम र रोजगारीको अधिकारको कसीबाट हेर्नुपर्दछ। अहिले यसलाई मालिक र श्रमिकको कोणबाट हेर्न सकिन्छ। मालिकले निर्वाह गर्नुपर्ने कर्तव्यको आधारमा शक्तिअनुसारको कामलाई क्षमताअनुसारको कार्य साथै कार्य वातावरण निर्माण, भोजन र ज्यालाले श्रमको उचित मूल्य, रोगी हुँदा सेवाले स्वास्थ्य सेवा वा सामाजिक सुरक्षा, उत्तम खाद्यले उचित भोजन र बेलाबेलमा छुट्टी दिनु भन्नाले कामप्रकृतिको आधार बिदा अर्थात् विश्रामको

अधिकारलाई जनाउदछ। मालिकप्रति नोकरको कर्तव्यलाई समयपालन, व्यावसायिक आचरण, कामप्रति निष्ठा, इमानदारिता र मालिकप्रति आदरभावको रूपमा हेर्नुपर्दछ।

यसैगरी गुरुप्रति शिष्यको कर्तव्यमा विद्यार्थीको शिक्षाको अधिकार, अनुशासन, मानवीय संवेदना, अग्रजलाई सम्मान र शिष्यप्रति आचार्यको कर्तव्यले नैतिक चरित्र निर्माण, गुणस्तरीय शिक्षा, शिष्यको सुरक्षामा जोड दिएको छ। मित्रप्रति र मित्रको कर्तव्यमा दान, सामाजिक सहयोग, समानता र सामाजिक न्याय, आपतमा सहयोग र साथ, सामाजिक उतरदायित्व आदि पक्षमा जोड दिएको पाइन्छ।

श्रमण ब्राह्मण र गृहस्थ सम्बन्धमा मैत्रीय सेवा, धार्मिक स्वतन्त्रता, समाज कल्याणको भावना, दान, सामाजिक कल्याण, नैतिक मूल्यमान्यता र मानवता आदि कर्तव्यको उल्लेख छ। गुरुप्रति शिष्य र शिष्यप्रति गुरुले निर्वाह गर्नुपर्ने कर्तव्यलाई शिक्षा, अनुशासन, नैतिकता आदि पाटोसँग जोड्न सकिन्छ। मित्र अमात्य र श्रमण ब्राह्मणको कर्तव्य सम्बन्धमा भने प्रत्यक्षतः मानव अधिकारका दस्तावेजमा उल्लेख गरिएको पाइँदैन।

### उपभोक्ताप्रति निर्वाह गर्नुपर्ने कर्तव्य

बौद्ध शिक्षाभित्र अप्रत्यक्षतः व्यवसायीहरूले पालना गर्नुपर्ने कर्तव्यको बारेमा चर्चा गरिएको पाइन्छ विशेषतः व्यापार गर्दा वा जीविका गुजाराको लागि बेचबिखन गर्न नहुने वस्तुहरूको उल्लेख गरिएको छ। यसको अर्थ होः आफ्नो पेसाभन्दा बाहिर गई अनैतिक कार्यमा संलग्न हुन निषेध छ। निषेधित ती वस्तुहरूको बिक्री गर्नु कर्तव्यबाट च्यूत हुनु हो। यसको साथै उपभोक्तामाथि घातमात्र होइन, सामाजिक, नैतिक र कानुनी दृष्टिकोणमा आपराधिक कार्य पनि हो। ती सवाल अहिले पनि उत्तिकै सान्दर्भिक, मननीय एवम् व्यावहारिक छन्। बुद्धले गलत जीविकाको बाटो अवलम्बन नगर्न सही मार्ग समाती व्यावसायिक धर्म अवलम्बन गर्दै वा जीवन गुजारा गर्न प्रेरित गरेका छन्। बौद्ध वाङ्मयमा सम्यक् आजीविकाअन्तर्गत व्यापारमार्फत गरिने पाँच किसिमका कमाइ बुद्धको हेराइमा अयोग्य मानिन्छन्। यसलाई उपाध्याय (२०१४, पृ.५७) यसरी उल्लेख गर्नुभएको छः

(१) सत्थ वणिज्जा अर्थात् शस्त्र-अस्त्र/हतियारको व्यापार, (२) दास वणिज्जा अर्थात् सत्वप्राणीहरूको व्यापार, (३) सत्त वणिज्जा अर्थात् हिंसा गर्न वा हिंसा गरी मासु क्रयबिक्रय गर्नु/गराउन नहुने, (४) मज्ज वणिज्जा अर्थात् मासुको व्यापार र (५) विष वणिज्जा अर्थात् विषको व्यापार।

यसै गरी लक्खण सुत्तमा बुद्धले व्यापारका क्रममा गरिने ठगीहरूलाई पनि निषेध गर्नुपर्नेमा जोड दिएका छन्। तराजुको ठगी, ढकको ठगी, घूस, वञ्चना, कृतघ्नता, कुटिलता, छेदन, बध, बन्धन, डाका, लुटपाटको जीविका (उपाध्याय, २०१४, पृ.५७)।

यस प्रकृतिका जीविकाको बारेमा बुद्धका भनाइलाई साङ्कृत्ययायन यसरी भन्नुहुन्छः ठीक जीविका झुठो जीविका छाडेर सत्य जीविकाबाट शरीर यात्रा चलाउनु। त्यस समयका शासकहरूद्वारा अनुमोदित सबै जीविकाहरूमध्ये केवल प्राणीहिंसा सम्बन्धी निम्न जीविकाहरूलाई मात्र बुद्धले झुठो जीविका भने। "हतियारको व्यापार, प्राणीको व्यापार, मासुको व्यापार, रक्सीको व्यापार र विषको व्यापार" (सांकृत्यायन, २०७६, पृ.३४)।

विशेषतः मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि एवम् संयुक्त राष्ट्रसङ्घबाट अप्रिल १९८५ मा जारी उपभोक्ताको हित संरक्षण मार्गनिर्देशनमा उपभोक्ताका सवालहरू समावेश गरिएका छन्। त्यसैगरी नेपालको मौजुदा संविधानमा मौलिक हकअन्तर्गत धारा ३६ मा खाद्यसम्बन्धी हक, धारा ४४ ले उपभोक्ताको अधिकार र उपभोक्ता संरक्षण ऐन २०७५ मा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नुलाई उपभोक्ताको अधिकारको रूपमा लिइएको छ।

यसर्थ हानिकारक, विषादीयुक्त वस्तुको बिक्री गर्नु र ठगी गर्नुजस्ता कार्यलाई अपराध मानिन्छ। बुद्धले अम्मल—पदार्थ, जाँड, रक्सी, गाँजा, अफिमजस्ता नशालु पदार्थहरू क्रयबिक्रय गर्नु/गराउनु र विषालु पदार्थ बिष बनाइ वा बनाउन लगाई किनबेच गर्न र गराउन नहुनेमा जोड दिएका छन्। अहिलेको परिवेशमा हेर्ने हो भने यस्ता कार्यहरू गर्नु व्यावसायिक धर्मबाट च्यूत हुनु साथै अपराधमा संलग्न हुनु हो।

### राजा वा शासकले निर्वाह गर्नुपर्ने कर्तव्य

बौद्ध धर्ममा राजाले कसरी शासन सञ्चालन गर्नुपर्दछ ? राजाका कर्तव्यहरू केके हुन् ? कस्ता कार्यहरूबाट जनताले सुखशान्तिको अनुभूति गर्न पुग्छन् ? जस्ता विषयलाई बौद्ध शिक्षामा पनि चर्चा छ। बुद्धले धर्म र न्यायको आधारमा राजाले फैसला गर्नुपर्ने, निर्णय हतारमा होइन, निकै सोचविचारका साथ गर्नुपर्छ, अन्यथा सही निर्णय हुन नसकी न्याय मर्न सक्छ भन्ने उनको मत छ। जातक कथामा बुद्धले राजाका १० कर्तव्यहरूको बारेमा चर्चा गरेका छन्, जो अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छन्:

(१) पहिलो कर्तव्य हो, उदारता, विशाल हृदय र दानशीलता। शासनमा रहेकाहरूले धनसम्पत्तिसँग मोहमाया गरी सरकारी आम्दानीलाई जनताको कल्याणका लागि उपयोग गर्नुपर्छ।

(२) शील र सदाचार जीवन व्यतित गर्नुपर्छ।

(३) जनकल्याणका लागि आफ्ना सुखसुविधाहरू त्यागी नाम र प्रख्यातिको पछाडि नलागी जनहितमा काम गर्नुपर्छ।

(४) इमान्दारी र तन्मयका साथ विना कुनै दबाब र विनापक्षपात शासन सञ्चालन गर्नुपर्छ।

(५) सौम्य र दयालु बन्नुपर्दछ।

(६) सादा जीवन, साधारण, भोगविलास रहित रहनुपर्छ।

(७) कसैप्रति इर्ष्या, वैरभाव र द्वेष राख्नुहुँदैन।

(८) अहिंसात्मक हुनुका साथै राष्ट्रमा शान्तिका लागि प्रयासरत रहनुपर्छ।

(९) सहनशीलता, धैर्यता र सहिष्णुताका साथ आफ्नो विवेक नगुमाई दुःख, पीडा सहने सामर्थ्य हुनुपर्छ।

(१०) जनताको रायका अगाडि नतमस्तक हुनुपर्छ (आनंद, २०१४, पृ.८३) ।

व्यापार र नोकरीको व्यवस्था गरेमा यस्ता कार्य बन्द हुन्छन् ।

> ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाइ यसो भने'ब्राह्मण ! म यहाँ एकतान्तमा बसिरहेको आफूले विपुल भोगसम्पत्ति पाएको अतः म किन यज्ञ नगरुँ, जुन मेरा लागि दीर्घकालसम्म हित हुनेछ, यसका लागि मलाई अर्तिबुद्धि दिनुहोस् भनेको पाइन्छ । ब्राह्मणले राजालाई भन्दछन्—"तपाईंको जनपद चोरहरूबाट पीडित छ। ग्राम, निमग, नगर र मार्गघातकहरू छन्। यो अवस्थाम कर उठाउनु अकर्तव्य हुन्छ। डाकाहरूलाई भय, निन्दा वा निष्काशनबाट समाप्त गर्छु भन्ने लाग्न सक्छ तर मृत्युबाट बाँचेका हुनाले यसो गर्न सम्भव छैन। अतः उनीहरूलाई कृषि, व्यापार र नोकरीका लागि व्यवस्था मिलाउनुपर्दछ। त्यसपछि उनीहरू आआफ्नो कामधन्दा लाग्ने छन्, हैरानी हुनेछैन। मानिसहरू काखमा बालक खेलाउँदै घरका दैलाहरू नथुनेका जस्तो गरी बस्ने छन्"(बज्राचार्य र बज्राचार्य , २०५६, पृ.१०६)।

यसैगरी बुद्धले पनि विजित राजाको यज्ञ गर्ने चाहनालाई सम्बोधन गर्दै तपाईंको राज्यमा चोरडाकाहरूले सताइरहेको, यज्ञ गरेर राज्यमा अमनचयन नहुने, दण्ड दिएर पनि पार नलाग्ने, उनीहरूलाई कृषि, व्यापार र रोजगारीमा संलग्न गराउने हो भने समस्या समाधान हुन्छ।

> तथागत एक दिन मगधमा घुम्न जानुभएको बेलामा खाणुमत नामको ब्राह्मण गाउँमा पुग्ने वित्तिकै त्यहीको एउटा आँपको बगैंचामा बस्नुभयो। त्यस बखतमा त्यहाँ कूटदन्त नाउँ भएको एकजना विद्वान प्रसिद्ध ब्राह्मणले महायज्ञ गर्ने मनमा भाकल गरिराखेको थियो । कूटदन्तले

सुनिराखेको थियो कि गौतम बुद्धले सोह्र परिस्कासहित विविध यज्ञ सम्पदाका बारेमा राम्रोसँग जान्दछन्। त्यसैले कूटदन्त बुद्धकहाँ गई प्रार्थना गरे तीन प्रकारको महायज्ञ स्पष्ट बुझ्न सक्ने

गरी आज्ञा होस्। सम्यक् सम्बुद्धले यज्ञ (होम) विधिका व्याख्या गर्दै ब्राह्मणलाई आज्ञा गर्नुभयोः उहीले विजित भन्ने राजाको पनि यज्ञ गर्ने इच्छा भई आफ्ना पुरोहित ब्राह्मणकहाँ गएर प्रार्थना गर्यो कि म चारै दिशामा पनि विजय प्राप्त गरेर अधिपति भइसकें। मसँग असङ्ख्य सम्पति छ। अब मलाई हित सुख हुने र राज्य समृद्धिशाली गर्नलाई कुन प्रकारले यज्ञ (होम) गर्न पर्ला ? आज्ञा गर्नुहोस्। अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नुभयोः महाराज, तपाइँको राज्यमा चोरडाकाहरूले सर्वसाधारण जनतालाई ज्यादै नै सताई दुःख दिइरहेछन्। बाटोमा एक्लै हिँडनुहँदैन। लुटपाट भैरहेछ यत्रो जनताको हाहाकार भई रोग पीडा र अनेक भयले त्राहि भैरहेका बेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, अधर्म हो। पूण्य होइन, पाप हो। सायद महाराजलाई यस्तो पनि मनमा पर्न सक्लाः "मैले यी बदमास चोर र डाकाहरूलाई समातेर सास्ति गरौंला, देशबाट निकाला गरौंला, मारेर पठाउँला, कठोर दण्ड भोग गराई करावासमा राखी उपद्रव नहुने पारौंला।" तर महाराज यसरी दण्ड आदि दिएर चोर र डाका आदि बदमासहरू नष्ट गर्न सकिन्नँ। साँच्चै नै देशबाट चोर र लुटेराहरू निमिट्यान्न पारी शान्ति स्थापना गर्ने हो भने आर्थिक व्यवस्था राम्रो गर्नुपर्दछ। त्यो कसरी—महाराज, कुनै ब्यक्तिले तपाइँको राज्यमा कृषि काम गर्ने इच्छा गरे, त्यस ब्यक्तिलाई तपाइँले खेती सामान र बिउबिजन आदि दिएर सहायता दिनुपर्छ। कुनै ब्यक्तिले ब्यापार गर्ने इच्छा गरेमा त्यसलाई तपाईंले पूंजी (रास) दिनुपर्छ। यस्तै कसैले राजदरबारमा जागीर खान चाहेमा त्यसलाई भत्तासहित तलब दिनुपर्छ। यस प्रकारले ती मानिसहरू आ-आफ्नो काममा लाग्दछन्, अनि राजाको देशमा कसैले पनि दुःख दिंदैन। सबैले काम पाएमा आफ्नो काममा संलग्न भई नराम्रो कामतिर चिन्तन गर्ने फुर्सदै हुँदैन। अनि तपाईंको राज्य झन् समृद्धिशाली हुन्छ, सबै सुखपूर्वक जीविका गरेर बस्ने थिए। राजा विजितले पुरोहित ब्राह्मणलाई हुन्छ हवस भनी गएर आफ्नु राज्यमा, जोजो खेती गर्न उत्साही हुन्, उनीहरूलाई आवश्यक कृषि औजार र बिउबिजन दिए। जस्ले ब्यापार गर्ने इच्छा प्रकट गरे उनीहरूलाई पूँजी (रास) दिए। जजस्ले जागीर खाने इच्छा गरे अथवा जागीर खाएर उत्साह देखाए, उनीहरूलाई भत्तासहित उचित तलब दिए। यसरी सबैलाई कामको व्यवस्था भएकाले देशमा केहींकतै पनि अशान्ति भएन। कसैले कसैलाई

सताएनन्। सबै आआफ्नो काममा लागिरहे। सबैले आफ्नो बालबच्चासँग नाचेर निश्चिन्त भई जीविका चलाए (अश्वघोष र काश्यप, २०६८, पृ.२४—२६)।

वस्तुतः निर्धनता पापहरू उत्पादन गर्ने मुहान हो। राजा वा शासकले गरिबीतर्फ विचार गर्न वा ध्यान पुर्याउन सकेनन् भने दरिद्रता बढ्दै जान्छ। चोरी, डकैती, लुटपाट, हत्या, आतङ्क आदिले प्रश्रय पाउँछ। समस्याको पहिचानविना दण्डले मात्र समाधान हुँदैन, भोकोपेटले कानुन बुझ्दैन।

चक्कवर्ती सुत्तमा राजा आफ्नो कर्तव्यबाट च्यूत हुँदा कसरी अराजकता बढ्दछ ? मानिसहरू चोरी, डकैतीजस्ता कार्यमा संलग्न हुन्छन्। एकदेखि सातौं चक्रवर्ती राजानियम, कानुन, धर्म र जनहितलाई हेरी काम गर्दथे। त्यसबेलासम्म सबै ठीकठाक थियो तर जब आठौं राजाले आर्य चक्रवर्ती व्रत तोड्दा वा कानुन, धर्म, कर्तव्य भुले, त्यसबाट च्यूत हुँदा सबै कुरा बिग्रदै जान थालेको उल्लेख छ।

"देव ! आर्य चक्रवर्तीव्रत भनेको के हो ?"

"तात ! त्यसो भए तिम्रा आफ्ना आश्रितजनमा सेना, क्षत्रीयहरू, अनुगामीहरू, ब्राह्मणहरू, गृहपतिहरू, निवगवासीहरू, जनपदवासीहरू, श्रमण ब्राह्मणहरू, पशुहरू तथा चराचुरुंगीहरू आदि सबैलाई धर्मकै निमित्त, धर्मकै सत्कार, मान, पूजा, गौरव, श्रद्धाभाव राखी धर्मध्वज भई, धर्मकेतु भई, धर्माधिपति भई सबै धार्मिक कुरालाई रक्षा गर्नको निमित्त विधान (विधान स्वीकार) गर ।तात ! तिम्रो राज्यमा बसेका जो निर्धन (गरीब) हुन्, तिनलाई धन देऊ। तात ! तिम्रो राज्यमा बसेका श्रमण-ब्राह्मणहरू मद-प्रमादरहित भई क्षान्ति र सौवचमा अभ्यस्त भएका जो केवल आत्मदमन, आत्मशमन तथा आत्मनिर्वापन गरेका छन् भने तिनीहरूकहाँ समयसमयमा सोध्न जानुपर्दछ— भन्ते ! कुशल भनेको के हो ? अकुशल भनेको के हो ? दोष भनेको के हो ? निर्दोष भनेको के हो ? सेवनीय भनेको के हो ? असेवनीय भनेको के हो ? के गरेमा मेरा निमित्त चिरकालसम्म अहित, अदुःखको निमित्त हुन्छ ? के गरेमा मेरो निमित्त मेरो निमित्त चिरकालसम्म हित, सुखको निमित्त हुन्छ ?" उनीहरूले भनेको कुरा सुनी जुन (तिम्रो निमित्त) अकुशल हो, त्यसलाई त्याग गर्नुपर्छ र फेरि जुन (तिम्रो निमित्त) कुशल हो, त्यसलाई ग्रहण गरी (यथाविधि) पालन गर्नुपर्दछ। तात! यही नै आर्य चक्रवर्तीव्रत हो (बज्राचार्य र बज्राचार्य, २०५६, पृ.४२२) ।

निर्धनतामा वृद्धि भएको, दरिद्रता, गरिबीमा वृद्धि भएको र धन नदिँदा चोरी बढेको, चोर पक्राउ परेको सवाललाई संवाद शैलीमा उल्लेख छ ।

देव ! या मान्छेले अर्काको वस्तु चोरेर लियो । त्यसपछि राजाले उसलाई सोधे'अरे पुरुष ! के तिमीले साँच्चै अर्काको वस्तु चोरेर लिएका हौ ? साँच्चै हो देव ! के कारणले ? देव !

जीविका नचलेकाले ! त्यसपछि उसलाई धनकोषबाट धन दिई हे पुरुष ! यो धनले तिमी आफ्नो जीविका चलाऊ, मातापितालाई पालन गर, स्त्रीपुत्रहरू पोषण गर, आफ्नो कारोबार चलाऊ, ऐहिक वा पारलौकिक सुखप्राप्तिको निमित्त श्रमण ब्राह्मणहरूलाई दान देओ । पछि राजाको मनमा यसरी धन दिँदा चोरी बढ्दै जाने हुनाले यिनको टाउकै काटी मूल जरो नष्ट गर्ने सोच पलाउन पुग्यो। चोरका दुवै हात डोरीले बाँधी, टाउको मुडी ढोल बजाउँदै चारबाटोबाट अर्को चारबाटोमा लगी टाउको काटने आदेश भयो। सोही अनुसार टाउको पनि काटियो। समस्या समाधान हुन सकेन। अधर्ममा राग, अनुचित लोभ र मिथ्या धर्म बढ्दा सत्त्व प्राणहरूको आयु र वर्ण घट्यो भने चोरी गर्नेका सन्ततिहरूको आयुमा वृद्धि हुँदै गयो (बज्राचार्य र बज्राचार्य , २०५६, पृ.४२४—४२५)।

बौद्ध साहित्यमा आत्मसात् गरिएका कर्तव्य र आधुनिक मानव अधिकारभित्र निर्दिष्ट कर्तव्य आपसमा किन मेल खान्छन् भन्ने सम्बन्धमा दुवैका अवधारणात्मक, ऐतिहासिक एवम् सांस्कृतिक पक्षबाट हेर्नुपर्दछ। बौद्ध शिक्षाभित्र निहित कर्तव्यमा विशेषतः नैतिकता, अहिंसा, करुणा आदि पक्षमा विशेष जोड दिइएको छ, जुन व्यक्ति, संस्था र राज्यको कर्तव्य र दायित्वसँग जोडिएको हुन्थ्यो। आधुनिक मानव अधिकारको अवधारणाले पनि यसलाई (व्यक्ति, समुदाय र राज्यले निर्वाह गर्नुपर्ने कर्तव्यलाई) आत्मसात गरेको छ। ऐतिहासिक एवम् सांस्कृतिक कोणबाट हेर्दा बौद्ध साहित्यमा समावेश कर्तव्यसम्बन्धी सवाल अहिले मानव अधिकारको आधारभूत मुद्दा बन्न पुगेको छ। यसबाट समय र सांस्कृतिक परिवेशबीचको अन्तराल निकै भए पनि दुवैका मूल्यमान्यताहरूमा समानता छ, आपसमा अन्तिम लक्ष्य समान छ। दुवैले मानवलाई केन्द्रविन्दुमा राखेका छन्। यति हुँदाहुँदै पनि बौद्ध शिक्षाले आत्मसात् गरेका कर्तव्य बढी नैतिकता र आन्तरिक आत्मअनुशासनको कसीमा छन् भने मानव अधिकारभित्रको कर्तव्य समानता, सार्वभौमिक मूल्यमान्यताभित्र रहेका छन्। समय र सांस्कृतिक सन्दर्भमा भने नैतिक र कानुनी मूल्यमान्यताहरूलाई पृथक रूपमा हेर्न सकिन्छ।

**विश्लेषण**

माथि उल्लिखित मानव अधिकारभित्र र बौद्ध साहित्यमा निहित कर्तव्य आपसमा सम्बन्धित छन् । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय दस्तावेज, संविधान एवम् कानुनमा दुवै विषय

(अधिकार बढी, कर्तव्य कम) लाई समेटिएको छ। यस आधारमा परिवार, समाज, राज्य एवम् अन्तर्राष्ट्रिय समुदायप्रति व्यक्तिको कर्तव्य हुन्छ। अधिकार वा स्वतन्त्रताको उपभोग अरूको अधिकारको सम्मान, सामूहिक सुरक्षा, नैतिकताको पालना आदिबाट मात्र सम्भव छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको आधारमा व्यक्तिमा निहित कर्तव्य र मानव अधिकारप्रति राज्यका निश्चित

दायित्वहरू तोकिएका छन्। यस प्रकृतिका दायित्वहरूमा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति पर्दछन्।

बौद्ध साहित्यमा निहित कर्तव्यलाई केलाउँदा व्यक्ति र राज्य दुवैले निर्वाह गर्नुपर्ने दायित्वलाई विशेष स्थान दिइएको देखिन्छ। बुद्धका अष्टाङ्ग मार्गमा प्रज्ञामा सम्यक सङ्कल्पअन्तर्गत लोभ, द्वेष र हिंसाबाट मुक्त, शीलमा सम्यक वाणीमा सत्य, शान्त र हितकर वचन, सम्यक कर्ममा अहिंसा, चोरी र व्यभिचारबाट टाढा र सम्यक आजीविकामा पेसागत आचरणलाई आधार मानिएको छ। बुद्धकालीन समाजमा शासन सञ्चालनमा राज्य (राजा) राजाको भूमिका सर्वोपरि हुन्थ्यो। नैतिक, सामाजिक र कानुनी मान्यताअनुसार उदारता, दानशीलता, सदाचारिता, शील, धर्मको पालन, अहिंसात्मक, सहिष्णुता, जनमत वा जनचाहनाको कदर गर्नु आदिलाई राज्य सञ्चालकको कर्तव्य मानिन्छ। राज्यको आयस्रोतलाई यथाशक्य आम जनताको भलाइका लागि प्रयोग गर्नुपर्छ। शासकले इमान्दारीपूर्वक, विनादबाब, विनापक्षपात कार्य गर्नुपर्दछ। शासक नभई सेवकको हैसियतमा सादा जीवन जीउनुपर्दछ। जनताको हितको लागि पीडा सहने सामर्थ्य हुनुपर्दछ। शान्ति, अमनचयन साथै जनताको रायका अगाडि राज्य नतमस्तक हुनुपर्दछ। एकत्रित रूपमा कार्य, सामूहिक निर्णय, कानुन एवं विनयको पालना, बुढापाकाहरूको सेवा र उनीहरूका रायप्रति संवेदनशील हुन आवश्यक छ। महिलाहरूप्रति सम्मान, धर्मको पालना, धर्माचार्यहरूको रक्षा गर्नु आदि राज्यको कर्तव्य मानिन्छ। नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने सम्मान, संरक्षण एवम् परिपूर्ति र बौद्ध शिक्षाले औँल्याएका कर्तव्य अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छन्। यी कर्तव्यलाई मानव अधिकारसम्बन्धी दस्तावेजहरू साथै राष्ट्रिय कानुनले पनि आत्मसात गरेको छ।

**निष्कर्ष**

समग्रतामा हेर्दा अधिकार र कर्तव्य मानव अधिकारको अभिन्न पाटो हो। अधिकार अख्तियार हो भने कर्तव्य अख्यिार प्रयोगको माध्यम हो। दुवैको आआफ्नो अस्तित्व छ भने दुवै आपसमा अन्तर्सम्बन्धित देखिन्छन्। अधिकार व्यक्ति वा समुदायको दाबी हो भने कर्तव्य अधिकार प्राप्तिको आधार हो। आफू, परिवार, समाज र मुलुकप्रति नागरिक र नागरिकप्रति राज्यको कर्तव्य रहेको हुन्छ, जसलाई मानव अधिकारसम्बन्धी दस्तावेज एवम् राष्ट्रिय कानुन (संविधान, ऐन) मा स्थान दिइएको छ। बौद्ध शिक्षामा अहिलेको जसरी अधिकार र कर्तव्य शब्द प्रयोग नगरिए पनि आमाबाबुप्रति छोराछोरीको, छोराछोरीप्रति आमाबाबुको, गुरुप्रति शिष्यको र शिष्यप्रति गुरुको कर्तव्यबारे उल्लेख छ। त्यसैगरी स्वास्नीप्रति लोग्नेको, लोग्नेप्रति स्वास्नीको, मित्र अमात्यप्रति, मित्र अमात्यको, नोकर र सहयोगीप्रति मालिकको, मालिकप्रति नोकर सहयोगीको कर्तव्यमाथि चर्चा गरिएको छ। यसका साथै राज्यको दायित्व, व्यापारी वर्गले आत्मसात गर्नुपर्ने कर्तव्यलाई पनि महत्त्वका साथ उठान गरिएको

छ। माथि उल्लिखित कर्तव्यहरूमध्ये गुरु र शिष्य, अमात्य र मित्र, नोकर र मालिकको कर्तव्य सम्बन्धमा आधुनिक मानव अधिकारभित्र प्रत्यक्षतः समावेश गरिएको पाइँदैन। अतः यी र यस प्रकृतिका विषयवस्तुहरूलाई विद्यालयलगायतका पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापनमा विशेष जोड दिनुका साथै अन्तर्राष्ट्रिय तहमा पनि सरकारी र गैरसरकारी तहबाट थप प्रवर्धन गर्न आवश्यक छ।

## सन्दर्भ—सामग्रीहरू


आनंद, श्रीकृष्ण (सन् २०१४), *भगवान बुद्ध एवं धम्मसार.* हिन्द पाकेट बुक्स प्राइवेट लिमिटेड, नई दिल्ली ।

उपाध्याय, बलदेव (सन् २०१४). *बौद्ध—दर्शन मीमांसा.* वाराणसी : चौखम्बा विद्याभवन ।

नेपाल सरकार (वि.सं.२०७२). *नेपालको संविधान.* https://lawcommission.gov.np/content/13437/nepal-s-constitution/

नेपाल सरकार (वि.सं.२०६३). *ज्येष्ठ नागरिक सम्बन्धी ऐन.* https://lawcommission.gov.np/content/12918/12918-senior-citizen-act-2006/

पोखरेल, कृष्ण (वि.सं.२०६३), *राजनीतिशास्त्रको सिद्धान्त.* एम.के. पब्लिशर्श एण्ड डिष्टीब्यूटर्स, काठमाडौं ।

बज्राचार्य, दुण्डबहादुर र बज्राचार्य, पवित्रबहादुर, (अनु./सम्पादक.) (वि.सं.२०५६). *दीघनिकाय.* वीर–पूर्णपुस्तक संग्राहलय, ललितपुर, नेपाल ।

भदन्त सम्यक् (वि.सं.२०६०). *सम्बोधि प्राणसूत्र.* सम्यक संस्कार, सुखी हेतु नेपाल, बुद्ध विहार, भुकृटीमण्डप, काठमाडौं ।

भिक्षु अश्वघोष र भिक्षु कुमार काश्यप (वि.सं.२०६८). *बुद्धको अर्थनीति.* संघाराम विहार, काठमाडौं।

संयुक्त राष्ट्र संघ (सन् १९८९). *बाल अधिकारसम्बन्धी महासन्धि १९८९.* https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-rights-child

संग्रौला, युवराज (वि.सं. २०७७). *कानुनशास्त्र तथा कानुनका सिद्धान्तहरू.* लेक्स एण्ड जुरिस पब्लिकेशन प्रा.लि. भक्तपुर ।

सांकृत्यायन राहुल (ले.) (रोशन दाहाल, अनु.) (वि.सं. २०७६). *बौद्ध दर्शन.* मञ्जरी पब्लिकेशन पुतलीसडक, काठमाडौं ।

सिवाकोटी, कैलाशकुमार (वि.सं. २०८१). *मानव अधिकार र मानवीय कानुनको आयाम* (भाग'एक). पैरवी बुक हाउस, पुतलीसडक, काठमाडौं ।

ज्ञवाली, नारायण (वि.सं.२०७५). *धम्मपद सन्दर्भ, शब्दार्थ र भावार्थसहित* नेपालीमा पद्यानुवाद. जनता प्रशारण तथा प्रकाशन लिमिटेड, काठमाडौं ।